# बहिष्करणमा पारिएका समुदायको दृष्टिमा समावेशी संविधान
# पाँच दिने आवासीय कार्यशाला गोष्ठी

धुलिखेल रिसोर्ट, धुलिखेल, काभ्रेपलाञ्चोक, नेपाल
२०६७ माघ ४ देखि ८ सम्म (जनवरी १८ - २२)

# प्रतिवेदन

## १. पृष्ठभूमी

जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च नेपाल (एनकार्ड) ले राज्यद्वारा वहिष्करणमा पारिएका सुमुदाय माथि हुने विभेदको विरुद्धमा विभिन्न कार्यक्रम मार्फत अवाज उठाउदै आइरहेको छ र यी समुदायको हक अधिकारको लागि राज्यलाई दवाव दिनका लागि विभिन्न कार्यक्रम पनि संचालन गर्दै आएको छ । हाल राजतन्त्रको अन्त्य र गणतन्त्र नेपालको स्थापना संगै बन्न लागेको नयाँ संविधानमा सिमान्तकृत समुदाय विशेष गरि दलित, जनजाती र मुस्लिम लगायत अन्य विभेदमा पारिएका समुदायको हक अधिकार संवैधानिक रुपमा नै सुनिश्चित गर्नका लागि समावेशी संविधानका लागि संवाद अभिवृद्धि परियोजना मार्फत निरन्तर रुपमा विभिन्न कार्यक्रमको आयोजना गर्दै आएको छ । यही सन्दर्भमा सिमान्तकृत समुदायको लागि अव बन्ने संविधान कस्तो हुने भन्ने सन्दर्भमा र बन्न लागेको नयाँ संविधानमा दलित, आदिवासी जनजाती, मुस्लिम तथा अन्य विभेदमा पारिएका समुदायको मनोभावनालाई समेट्ने गरि एउटा वैकल्पिक संविधानको निर्माणार्थ **“वहिष्करणमा पारिएका समुदायको दृष्टिकोणमा समावेशी संविधान”** नामक पाँच दिने आवाशीय कार्यशाला गोष्ठि धुलिखेल रिसोर्ट, धुलिखेल, काभ्रेपलाञ्चोकमा मिति २०६७ माघ ४ देखि ८ (१८-२२ जनवरी २०११) सम्म संविधानविद तथा विभिन्न दलित, आदिवासी जनजाती तथा मुस्लिम अधिकारकर्मीको उपस्थितिमा सु-सम्पन्न भयो ।



## २.कार्यक्रमको उद्धेश्य

दलित जनजाती र मुस्लिमको दृष्टिकोणबाट  वैकल्पिक संविधान निर्माण गर्नको लागि विभिन्न मुद्धाहरु उपर छलफल चलाइ संविधानको मस्यौदा तयार गर्नु यसको प्रमूख उद्धेश्य भएता पनि यस कार्यक्रमका अन्य उद्धेश्यहरु देहाय बमोजिम रहेको थियो ।

- विभिन्न स्रोतबाट  संकलित मुद्धाहरु  संविधानविद तथा दलित, आदिवासी जनजाती र मुस्लिम अधिकारकर्मीहरुको उपस्थितिमा पुनः छलफल संचालन गरि  निर्णय गर्नु ।
- बहिष्करणमा पारिएका समुदायको दृष्टिकोणबाट संविधानको मस्यौदा तयार पारि पुन छलफलको लागि तयार गर्नु ।

## ३ कार्यक्रमको प्रकृया र प्रमूख गतिविधि

यस पाँच दिने आवाशीय कार्यशाला गोष्ठीको प्रारम्भ माघ ४ गते विहान १० बजेबाट प्रारम्भ गरिएको थियो । यस कार्यक्रममा उदघाटन शत्रको सभापतित्व एनकार्डका महासचीव **मल्ल के. सुन्दर**ले गर्नु भएको थियो । यसै गरि एनकार्डका उपाध्यक्ष  **गंगा महराले** स्वागत मन्तव्य दिनु भएको थियो । उहाले कार्यक्रममा  उपस्थित सहभागी, राष्ट्रिय अन्तराष्ट्रिय स्रोत व्यक्ति लगायत सवैलाई स्वागत गर्दै आफ्नो मन्तव्यमा पाच दिनसम्म सञ्चालन हुने यस कार्यक्रमले  हामीले आशा गरे बमोजिम  वैकल्पिक संविधान निर्माण गर्न हामी सफल हुने विश्वास व्यक्त गर्नु भएको थियो । उदघाटन शत्रको सहजिकरण एनकार्डका सचिव गणेश वि.के ले गर्नु भएको थियो । उदघाटन शत्रको समाप्ति पश्चात कार्यक्रमलाई निम्नानुसार अगाडि बढाइएको थियो ।

### ३.१ पाँचदिवसिय कार्यशालाको उद्धेश्य र प्रकृया




पाँच दिवशिय  कार्यशालाको उद्धेश्य र प्रकृयाको बारेमा एनकार्डका प्रकृया सहजकर्ता **नेत्र तुम्वाहाम्फे**ले जानकारी गराउनु भएको थियो । उहाले वैकल्पिक संविधान निर्माण प्रक्रिया समावेशी संविधानका लागि संवाद अभिवृद्धि परियोजना अन्तर्गतको एउटा कार्यक्रम हो भन्दै परियोजनाको उद्देश्य, आशातित उपलब्धि र वैकल्पिक संविधान निर्माण प्रक्रियाबारे जानकारी दिनुभयो । यसै क्रममा पाच दिनसम्म दलित, मुस्लिम र आदिवासी जनजातिका अवधारणा विचारहरु संकलन गर्ने र एक कार्यसमूहबाट पाच दिनभित्र

वैकल्पिक संविधानको पहिलो मस्यौदा तयार गर्ने, पाँच दिनमा तयार गरेको मस्यौदा विभिन्न सहभागीहरुलाई बाडेर विचार र सुझावहरु लिई उहाहरुको सुझाव आइसकेपछि फेरि दुई दिन बसेर एउटा कमिटीले त्यस सुझावलाई आवश्यक परिमार्जन गर्ने, त्यसपछि दलित, मुस्लिम र आदिवासी जनजाति अधिकारकर्मी, उनीहरुका विभिन्न संगठन तथा सञ्जालका प्रतिनिधि र व्यक्तिहरुको एक सभामा यो मस्यौदा प्रस्तुत गरी छलफलबाट आएका रायसुझावहरु संकलन गर्ने र वैकल्पिक संविधान तयार गरिने जानकारी गराउनु भयो ।

## ३.२ संविधानसभामा भएका संविधान निर्माण प्रक्रियाका बारेमा जानकारी

माननीय सभासद **मंगलसिद्धि मानन्धर**ले संविधान निर्माणका लागि भएका गतिविधीहरुको बारेमा जानकारी गराउदै माघ ३ गते सोमबारमात्रै संविधान सभामा सबै समितिहरुको प्रतिवेदन पठाउने र निर्णय गर्ने प्रस्ताव प्रस्तुत भएको जानकारी गराउनु भयो । अहिले सबैमा आशंकैआशका बढ्दै गएको छ । संविधानसभाले बनाएको मस्यौदा पनि त्यो समितिभित्र एक खाले मानिसको बहुमत हुने भएकोले सबै समस्या निवारण गर्ने ढंगले बहिष्करणमा पारिएको समुदायको समस्या निराकरण गर्ने खालका भन्दा पनि दुई चार जना मिलेर संबिधान बनाउने हो कि भन्ने आशंका छ । संघीयतामा जाने भनेको छ तर संघीय निकाय कति हुनुपर्छ भन्ने छलफल नै भएको छैन । संसदमा नियमावली बाहिर आएको छैन । त्यसमा के छ भन्ने कुरा सवै सभासदलाई थाहा छैन । उहाले संविधानसभामा खासै नयाँ कुरा नभएको पनि जानकारी गराउनु भयो । राज्य पुनर्संचनाको लागि आयोग बनाउने भन्ने कुरा भएको थियो त्यसको विरोध पनि आएको छ । केही व्यक्तिहरुले भौगोलिक, आर्थिक र प्रशासनिक निकाय बनाउनुपर्छ भनेर हिडेका छन् । विशेषज्ञहरुले १४ वटा प्रान्त बनाउन हुदैन घटाउनुपर्छ भनेर बोलिरहेका छन् ; उहाले जानकारी गराउनु भयो ।




**पूर्णमान शाक्य :** कार्यक्रमका स्रोत व्यक्ति पूर्णमान शाक्यले हामीले ठीक कुरा उठाएपछि राजनैतिक दलहरुले हामीले उठाएका कुराहरु काट्न नसक्ने बताउदै हामीले आफ्नो कुरा राख्दा नेपाल सबैको हो र अधिकारहरुचाहि जति पाउनुपर्ने हो त्यति मात्र दाबी गर्नुपर्छ तर उग्र भएर होइन । संविधान बनेपछि सबैको संविधान हुनुपर्छ । हामीले ६०१ जनाको संविधान सभा बनाउदा नै सबैको प्रतिनिधित्व हुनुपर्छ भनेर आवाज उठाएर नै संविधानसभा समावेशी हुन सकेको धारण राख्नु भयो । अहिले नेताहरु सबैको अधिकार समेट्ने विषयमा आन्तरिक विवादमा छन् । फेरि पनि मुख्य कुराहरु पर्ने नै छ । अहिले बनेको संविधानमा पनि धेरै समावेश भएका छन् । अब त्यसलाई केही थपघट गर्न बाकी छ । त्यसैले अब

हाम्रो यस कार्यक्रमले (खरिपाटीको कार्यक्रमले संविधानसभा प्रतिविम्बित भएको छ) खरिपाटीले के उपलब्धि हासिल गरेको छ त्यसको अध्ययन गरेर हासिल गरेको कुराहरुलाई नराखी थप एजेन्डाहरु ल्याउनुपर्छ । शासकीय स्वरुप अवधारणा निर्धारण कमिटीले कुनै पनि अवधारणा पास गर्न सकेको छैन । यसमा पनि व्यापक छलफल गरेर हामीले वैकल्पिक संविधानमा समावेश गर्नुपर्छ । दलित, मुस्लिम, जनजातिको सन्दर्भमा शासकीय स्वरुप कुन चाहि मोडेलमा जादा उपयुक्त हुन्छ त्यो निर्णयमा हामी पुग्नुपर्छ । न्यायपालिकाका कुरामा ठूलो विवाद छ । हाम्रो लागि उपयोगी न्यायपालिका के हो । एकात्मक प्रणालीमा जाने कि अन्य प्रणालीमा जाने भन्ने विषयमा हाम्रो चासो हुनुपर्छ । नागरिकता र महिलाको कुरामा पनि विवाद छ त्यो पनि हामीले हेर्नुपर्छ । मौलिक अधिकारले धेरै कुरा समेटेको छ । राज्यको पुनर्सचरना र शक्तिको बाडफाड समितिमा सद्भावनाले हिमाल, पहाड र मधेस गरेर तीन वटा बनाउनुपर्छ भनेको छ । संघीयतामा संघ एउटा राजनीतिक एकाइ भएकोले यसमा हामीले वकालत गर्नुपर्छ । हाम्रो वैकल्पिक संविधान पनि एउटा निर्णयमा पुग्नुपर्छ । डिभिजनल पावरको एउटा खाका आइसकेको छ कुन कुनमा के के दिने भन्ने विषयमा पनि आइसकेको छ । भाषा, इमरजेन्सी घोषणा गर्ने विषयमा पनि छलफल राखिएको छ । उहाले उपरोक्त जानकारी गराउदै हामीले कुरा उठाउदा जायज विषय उठाऔं तर नाजायज कुरा उठाएर दन्द नबढाऔं भन्नेमा जोड दिनु भयो ।

अतिथिहरुको वक्तव्य पश्चात कार्यक्रमको छलफल राज्यको शासकिय स्वरुप (Forms of Government) मा केन्द्रित भएको थियो । यस विषयमा कार्यक्रमका **अन्तराष्ट्रिय स्रोत व्यक्ति डा. महेन्द्र लावतीले** अन्तर्राष्ट्रिय स्तरमा भएका अनुभवहरुको बारेमा जानकारी गराउनु भयो ।

डा. लावतीले फर्म्स अफ गोभरन्मेन्टका बारेमा संक्षेपमा जानकारी गराउदै राष्ट्रपतिय शासन र पार्लिमेन्ट्री सिस्टमका सन्दर्भमा फ्रान्सले मिक्स सिस्टम अपनाएको उदाहरण दिदै नेपालमा मिक्स सिस्टम उपयुक्त नभएको जानकारी गराउनु भयो । प्रेसिडेन्सियल सिस्टममा अमेरिकाबाहेक सम्पूर्ण देशमा एक पल्ट न एक पल्ट ठूलो क्राइसिस आएको छ । प्रेसिडेन्टीयल सिस्टम भनेको प्रेसिटेन्टलाई मजबुत बनाउने नै होइन । इन्सिटिच्युटली अमेरिकामा प्रेसिडेन्ड भन्दा कंग्रेस पावरफुल छ । अमेरिकी प्रेसिसेन्टको शक्ति जब उसले जनता र कंग्रेसलाई फकाउन सक्छ बल्ल पावरफुल हुन्छ । प्रेसिडेन्सियल सिस्टममा दुबै (पार्लिमेन्ट र प्रेसिडेन्ट) मिलेर जान सकेन भने केही गर्न सक्दैन । प्रेसिडेन्टल सिस्टम भनेको शक्तिको बाँडफाड हो । पार्लिमेन्ट, जुडिसरी, र प्रेसिडेन्टमा पावर सेयरिंग हुनुपर्छ । संसारमा प्रेसिडेन्टल सिस्टम सफल हुन नसक्नुको कारण औल्याउदै डा. लावतीले कानुन र संविधानमा जेजुसकै लेखिए पनि कार्यान्वयन हुन नसक्नाले भएको बताउनु भयो । अमेरिकामा सफल हुनुको कारण जनतामा राजनीतिक संस्कार र राजनीतिक संरचनामा मेल खाएको हुदा यो सिस्टम सफल भएको छ । साथै उहाले पार्लिमेन्ट र जुडिसेललाई प्रेसिडेन्सियल सिस्टमले कमजोर बनाउने जानकारी पनि गराउनु भयो । नेपालमा प्रेसिडेन्डल सिस्टम ल्याइयो भने पनि यसले तानाशाह जन्माउन सक्ने आशंका पनि रहेको बताउनु भयो किनकि राजनीतिक नेताका कारण मात्रै होइन, जनताका कारण पनि तानाशाहको जन्म हुन्छ । हामीले साच्ची नै पार्लीमेन्टरी सिस्टम अपनाउने हो भने जर्मनले अपनाएको जस्तो अपनाउनुपर्छ । यसबाहेक बहिस्करणमा पारेका समुदायलाई पार्लीमेन्टरी सेस्टम उपयुक्त छ । प्रेसिडेन्ट सिस्टममा मन्त्रीहरु भूमिका सल्लाहकारको मात्र हो । यसको सट्टामा पार्लीमेन्टरी सिस्टममा विभिन्न समुदाय, जाती मिलेर मन्त्री मण्डल बन्ने हुँदा पावर हुन्छ । प्रेसिडेन्टको एक पटक मात्र चुनाव हुने हो तर पालीमेन्टरी सेस्टम २४० क्षेत्रमा निर्वाचन हुन सक्छ । तसर्थ देशको समग्र राजनीतिक, स्थायित्व र

माइनोरिटीका लागि प्रेसिडेन्सियल सिस्टम उपयुक्त नहुने धारणा राख्नुभयो । यसै गरि सहभागीहरुद्वारा राखिएका जिज्ञासाहरुको पनि उहाले जवाफ दिनु भएको थियो ।

आ-आफ्नो विचार राख्ने क्रममा मुस्लिम तथा महिला अधिकारकर्मी **कौशर शाह**ले भोली केही गरी महिलाको अधिकार सुनिश्चित भएन भने अविश्वासको प्रस्ताव ल्याएर प्रधानमन्त्री हटाउन सकिने हुदा पार्लिमेन्ट सिस्टममा जानु पर्ने धारणा राख्नु भयो । दलित अधिकारकर्मी तथा एनकार्डका उपाध्यक्ष **गंगा महरा**ले बाहुनबादलाई चिर्नका लागि एउटा मेकानिजम बनाएर अघि बढ्नु पर्नेमा जोड दिनु भयो साथै उहाले जुन जातको जनसंख्या बढी छ त्यसैलाई प्रधानमन्त्री बनाऔं पार्टीको आधारमा नभइ जनसंख्याको आधारमा सरकारमा जाने प्रणालीको विकास गर्नु पर्ने धारणा राख्नु भयो । कार्यक्रमका सहजकर्ता **कुमार ईङ्गनाम**ले हामी धेरै वर्षसम्म बहिष्करणमा पारिएकोले त्यसको क्षतिपूर्ति पाउन पर्ने र हामीहरुको मेन स्ट्रिम हुनुपर्ने भएकोले सहभागी गुणात्मक र संख्यात्मक दुबै हुनु पर्ने धारण राख्नु भयो । यस्तै गरि कार्यक्रमका राष्ट्रिय स्रोत व्यक्ति तथा एनकार्डका महासचिव **मल्ल के सुन्दर**ले शासकीय स्वरुपको बारेमा चर्चा गर्दा हाम्रो समुदायको आवाजलाई रिप्रेजेन्ट गर्ने माध्यम के हुन्छ र प्रतिनिधित्व गर्ने को हुन्छ अनि प्रक्रिया के हो भन्ने कुरामा स्पष्ट हुन पर्नेमा जोडदिनु भयो । प्रेसिडेन्टल या पार्लीमेन्टरीमा जादा विचार गर्नुपर्ने महत्वपूर्ण कुरा के हो भने जब सम्म फेडेरल स्टेटमा कसरी रिप्रेजेन्ट गर्ने भन्ने कुरा स्पष्ट हुदैन तब सम्म पावर सेयरिंग कुरा पनि स्पष्ट हुदैन । संसद्मा भुगोल र जनसंख्याको आधारमा प्रतिनिधित्व गर्ने भन्ने निर्णय गरेको छ त्यसैले फेरि पनि अल्पमतमा परेका जनसंख्याको प्रतिनिधित्व नहुने देखिएको छ तसर्थ यस कार्यक्रमले कसरी अल्पमतमा परेका समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न सकिन्छ त्यसतर्फ सोच्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रमका अर्का राष्ट्रिय स्रोत व्यक्ति तथा एनकार्डका **सचीव गणेश वि.के** ले दलितहरुको प्रतिनिधित्व सुनिश्चित गर्न गैर भौगोलिक संसद् बनायो भने सुनिश्चित हुने धारणा राख्नु भयो । त्यसै गरि मुस्लिम अधिकारकर्मी रहमतुल्ला मियाले हाम्रो समुदायको निर्वाचन क्षेत्र सुनिश्चित हुनुपर्छ भन्नेमा जोड दिनु भयो ।




## ३.३ दोस्रो दिनको कार्यक्रम

पहिलो दिनमा भएको कार्यक्रमको समिक्षा तथा पुनरावलोकन गर्दै दोस्रो दिनको कार्यक्रम प्रारम्भ भएको थियो । कार्यक्रमका सहजकर्ता कुमार इङ्नामले पहिलो दिन भएको निर्णयहरुको बारेमा जानकारी गराउनु भएको थियो । दोस्रो दिन **न्याय प्रणाली** र **मौलिक अधिकार, निर्देशक सिद्धान्त तथा नागरिकता** मा केन्द्रित रहेको थियो भने कार्यक्रमको सहजीकरण बालकृष्ण माबुहाङले गर्नु भएको थियो । न्याय

प्रणालीको सम्वन्धमा  छलफल हुनु भन्दा अगाडि **डा. महेन्द्र लावती**ले अन्तराष्ट्रिय अनुभवहरुका आधारमा प्रस्ट्याउनु भएको थियो ।

डा. लावतीले हामीले संविधानमा राखिएको व्यवस्थाहरुको Interpretation कस्ले गर्छ भन्ने कुरा महत्वपूर्ण रहेको बताउनु भयो । हामीले सबै कुरा राखिए पनि भोलि लागू नहुन सक्छ किनकि न्यायपालिकाले कसरी व्याख्या गर्छ भन्नेमा भर पर्छ । व्याख्या गर्ने निकायमा हाम्रो समुदायको प्रतिनिधित्व हुनुपर्छ । संघात्मक र प्रदेशमा गइसकेपछि भोलि दुई वटाबीच समस्या निस्कन संक्छ । तसर्थ वैकल्पिक बाटो रोज्नुपर्छ । बेग्लै संवैधानिक अदालतको व्यवस्था गर्नुपर्छ । यसमा समुदायको प्रतिनिधित्व हुनुपर्छ । विभिन्न प्रदेशको प्रतिनिधित्व हुनुपनर्छ । आजकै सर्वोच्च अदालतलाई स्वीकार गरियो  भने विगतमा जस्तै व्याख्या गर्न सक्छ ।

यस विषयमा थप प्रष्ट पार्दै कार्यक्रमका राष्ट्रिय स्रोत व्यक्ति डा. **पूर्णमान शाक्यले** सर्वोच्च अदालतको न्यायाधिशको नियुक्ति पालिमेन्टले गर्ने, प्रान्तकोमा प्रान्तीय व्यवस्थापिकामा स्पेशल जुडिसियल कमिटी बनाएर उसलाई अधिकार दिने । अदालतको नियुक्तीमा समावेशी हुनुपर्छ भन्ने कुरा स्पष्टसंग आएको छैन । अहिले पावर सर्वोच्च अदालतलाई दिने निर्णय भएको छ । संघियतामा अधिकारको बाँडफाड स्पष्ट संग गरिनुपर्छ अन्यथा संघीयता नचल्ने बताउनु भयो ।

## ३.४ सहभागीहरु बीच छलफल

एनकार्डका कोषाध्यक्ष रोम विश्वकर्माले दलित समुदायले न्याय पाउन नसकेकाले दलितको लागि एउटा छुटै कोर्टको व्यवस्था उपयोगी हुनेमा जोडदिनु भयो । यसै गरि गणेश वि.के ले  नेशनल लेभलको काउन्सिल बनाएर त्यसले कन्सिटचुसनल बडीमा नियुक्त गर्दा उपयुक्त हुन्छ । न्यायपालिकाको हकमा रिजरभेसनको आवश्यकता छ । रिजभरभेसन गर्दा पनि अन्य समुदायका तुलनामा दलितको कम वर्षको अनुभव हुनुपर्ने, स्थानीय निकायमा छुवाछुत अपराध निगरानी केन्द्र बनाउनुपर्नेमा जोडदिनु भयो । यसरी नै दलित अधिकार कर्मी जेबी विश्वकर्माले न्यायमा  दलितहरुको  पहुच नभएकोले  जातीय सन्तुलन कायम राख्नुपर्छ भन्ने धारणा राख्नु भयो भने मुस्लिम अधिकारकर्मी तथा सभासद माननिय मोम्मद्धिकि सिद्धिकीले संविधानमा मुस्लिम समुदायको पहिचानको व्यवस्था गरेन भने कोर्टले केही पनि गर्न नसक्ने तर्क राख्नु भयो ।

खुला छलफल पश्चात महेन्द्र लावतीले अदालतमा कुनै पनि पार्टी र समुदायको प्रभुत्व हुनुहुदैन । गैर दलिय appointment कुरा आएको छ । तर पोलिटिकल पार्टीको रोलै भएन भने उनीहरुले स्वीकार नगर्न पनि सक्छन् कन्सिटचुसनल कोर्टमा प्रादेशिक तर्फबाट समावेशी हिसाबले नियुक्ती हुनुपर्छ । यसमा पनि चक्रिय प्रणाली लागू गर्न सकिन्छ । पोलिटिकल आइडोलोजी पनि ब्यालेन्स हुनुपर्छ । कोर्टलाई मुख्य गरी स्वतन्त्र बनाउनेतर्फ हाम्रो प्रयास हुनुपर्छ र मातहतको कुरा हटाउनु उपउक्त हुने धारणा राख्नु भयो । साथै उहाले दलित र मुस्लिमको सन्दर्भमा समस्या भएकोले इण्डियाको जस्तो व्यवस्था राखेर सेभ गर्न सकिने बताउनु भयो ।

## ३.५ मौलिक अधिकार र निर्देशक सिद्धान्तका विषयमा भएको छलफल

कार्यक्रमकी राष्ट्रिय स्रोत व्यक्ति मोहना अन्सारीले नागरिकताको मुद्धालाई महिलाको दृष्टिकोणबाट हेर्ने हो भने अन्तर्राष्टिय महासन्धि जसलाई नेपालले अनुमोदन गरेको छ त्यसैको आधारमा आमा वा बाबु एक जना नेपाली नागरिक भएको खण्डमा बच्चाले नागरिकता पाउने व्यवस्था हुनु पर्ने बताउनु भयो । यसै गरि मल्ल के सुन्दरले मौलिक अधिकारमा बहिष्करणमा परेका समुदायले सिभिल राइट, इन्डिभिजुल राइट र कम्युनिटी राइट गरि तिन वटा राइट हुनुपर्ने कुरामा जोड दिनु भयो ।

पूर्णमान शाक्यले **मौलिक अधिकार र निर्देशक सिद्धान्तको** वारेमा जानकारी गराउदै मौलिक अधिकारमा भएका कुरा अदालतमा सिधै जान पाउछ तर डाइरेक्टीभमा नपाउने कुरा बताउनु भयो । त्यसै गरि गणेश वि. क. ले समानताको हकमा विचार गर्नु पर्ने बताउदै दलितहरुको सन्दर्भमा आरक्षणको हकलाई मौलिक हकमा राख्नुपर्ने । मौलिक कर्तव्यमा कुनै पनि जमिन्दारले हलिया राख्न नपाइने व्यवस्था हुनुपर्ने, नागरिकताको सवालमा छोरी र ज्वाईलाई एउटै बनाउनुपर्ने, बादीहरुको सवालमा अंगीकृत नागरिकता दिनु भनेको राष्टपति हुन नदिने षडयन्त्र भएकोले वादीको बच्चाले वंशजको आधारमा नागरिकता पाउनुपर्ने कुरामा जोड दिनु भयो ।

## ३. ६ तेस्रो दिनको कार्यक्रम

तेस्रो दिनको कार्यक्रम विशेष गरि राज्य पुनर्संरचना तथा राज्यशक्ति बाडफाडमा केन्द्रित रहेको थियो यसै क्रममा गणेश विकले छुवाछुतको मुद्धा हेर्नका लगि सम्पूर्ण अदालतमा डेस्कको व्यवस्था गर्नुपर्ने र स्थानीय रुपमा गाविसस्तर सम्म छुवाछुत अपराध निगरानी केन्द्र बनाउनुपर्ने र केन्द्रमा पनि एउटा अदालत हुनु पर्नेमा जोड दिनु भयो । यसै गरि सभासद विनोद पहाडीले अदालतको माग गर्ने कि आयोगको माग गर्ने कुरामा स्पष्ट हुन पर्ने बताउदै अर्धन्यायिक अदालत भन्दा अधिकार सम्पन्न आयोग बनाउनुपर्नेमा जोड दिनु भयो । यसका साथै दलितको सम्बन्धमा अदालत पनि आयोग पनि राख्नुपर्नेमा सहभागिहरुले जोड दिएका थिए ।

## ३.७ राज्य पुनर्संरचना तथा राज्यशक्ति बाडफाड समितिबारे जानकारी

छलफलका क्रमकमा डा. मंगलसिद्धि मानन्धरलेः राज्य पुनर्सरचना तथा राज्यशक्ति बाडफाड समितिमा भएका गतिविधिका बारेमा जानकारी गराउनु भएको थियो । दलितलाई ५ प्रतिशत क्षतिपूर्ति दिनु पर्ने कुरामा कस्को भागबाट झिकेर दिने भन्ने कुरामा सवैले विरोध गरेको कुरा पनि जानकारी गराउनु भयो । **यसै गरि डा. महेन्द्र लावतीले** दलितको सवालमा छुवाछुत अदालत, निगरानी केन्द्र खोल्नुपर्छ । उहाले लिम्बूवानमा क्षेत्रीबाहुन बाहुल्यता भए पनि त्यसलाई स्वीकार गर्नुपर्ने बताउदै लिम्बूवान बनायो भने त्यो नै अग्राधिकार हुने भएकोले दुईपल्ट राज्यको प्रमुख बन्ने कुरा सही नभएको तर्क राख्नु भयो । उहाले दलितहरुको सवालमा यदि कुनै समुदाय छरपस्ट छन् भने गैर भौगोलिक राज्य बनाएर अगाडि जान सकिने बताउनु भयो । जसले गर्दा देशभरिका दलितहरुको सेन्टरल बडी बनाइ उनीहरुलाई अधिकार सम्पन्न बनाउन सकिन्छ । साथै दलित समुदायबाट इलेक्टेट हुने व्यवस्था हुनुपर्नेमा जोड दिनु भयो । उहाले पहिचानको सवालमा सहभागीहरुलाई जानकारी गराउदै समाज भनेको परिवर्तन भईरहने हुदा पहिचान पनि परिवर्तन भइरहने हुन्छ । जसले गर्दा १४ वटा प्रान्तमात्र नभई नयां प्रान्त बनाउने

व्यवस्था गरियो भने उपयुक्त हुने विचार राख्नु भयो । साथै उहाले पावर डिसेन्टरलाइजेशन गरि गाविस स्तरसम्म सरोकारका अधिकारहरु दिनुपर्ने बताउनु भयो । **सभासद माननीय मोहम्मद सिद्धिकीले अल्पसंख्यक समितिमा भइरहेका गतिविधिहरुको वारेमा जानकारी गराउदै** माइनोरिटिजको अधिकार समेट्नु पर्दा धेरै विवाद आएको जानकारी गराउनु भयो । मुस्लिम धार्मिक अल्पसंख्यक हो यसलाई समेटेको छैन । माइनोरिटिज र मार्जिनलाईजको व्याख्या गरिएको छ । मधेशका साथीहरुले मुस्लिम मधेसीहरु भनेर राखेका छन् त्यो गलत हो । किनकि मुस्लिम काठमाडौंमा पनि छन र पहाडमा पनि छन उहाले प्रष्ट्याउनु भयो ।




यसैगरि मोतीलाल नेपालीले दलितको लागि गैरभौगोलिक राज्य भनेको सेयर रुल हो सेल्फ रुल होइन । हामी ( दलित) सेयर रुलमा होइन सेल्फ रुलमा बस्नुपर्छ भन्नु भयो ।

रहमतुल्लाह मियाँले मुस्लिम भनेको धर्म नभइ समुदाय हो । धर्म र सांस्कृतिक हक अधिकारको पहिचानलाई धर्मसम्बन्धी हकमा भएको कुरा ठीक छ । तर मुस्लिमहरुको आफ्नै परम्परा, आफ्नै धर्म हुन्छ । त्यसलाई कही पनि सम्बोधन गरिएको छैन र मुस्लिमको अधिकार कही पनि राखिएको छैन । मुस्लिमलाई मधेशीमा राख्यो भने मुस्लिमको पहिचान नहुने बताउनु भयो । यसका साथै मियाँले मुस्लिमको माग भनेको जनसंख्याको आधारमा विशेष अधिकार, आरक्षण दिनुपर्छ । मुस्लिम आयोग बनाउन पर्ने कुरामा जोड दिनु भयो ।

यसै गरि छलफलका क्रममा दलित तथा मुस्लिमका लागि विशेष संरचना ल्याएर जहा जहा दलितको भौगोलिक सघन उपस्थिति छ त्यस ठाँउमा स्वायत्त क्षेत्रबाट सम्भव हुन्छ भने स्वायत्त क्षेत्रबाट र संरक्षित क्षेत्रबाट सम्भव भए सो क्षेत्रबाट प्रतिनिधित्व गराउनुपर्छ भन्ने विषय पनि छलफलमा आएको थियो ।

**यसै गरि डा. लावतीले** देशभरि छरिएका दलितको हकअधिकार कसरी सुनिश्चित गर्ने र एकै ठाउँमा बसेकाको कसरी सुरक्षित गर्ने भन्ने विषयमा गम्भिर भएर सोच्नुपर्ने बताउदै गैरभौगोलिक प्रान्त भौगोलिक भन्दा कमजोर हुदाहुदै पनि सम्पूर्ण दलितको हकअधिकार सुनिश्चित गर्न गैरभौगोलिक संघीयतामा भए पनि जानै पर्ने बताउनु भयो ।

## ३.८ चौथो दिनको कार्यक्रम

**डा. मंगलसिद्धि मानन्धरले** राज्य शक्तिको बाडफाडसम्बन्धमा संविधानसभाको मस्यौदा कमिटीको ड्राफ्टमा भएका कुराहरुको जानकारी गराउनु भयो । उहाका अनुसार दुई वटा भिजन आएको एउटा स्थानीय निकायलाई अधिकार दिनुपर्ने र  अर्को नदिने । अवशिष्टहरु अधिकार कहा राख्ने भन्ने विषयमा पनि विवाद भएको छ । प्रस्तावित गर्दा आर्थिक, सामाजिक र भाषिक संरक्षणको लागि विशेष क्षेत्रको अवलम्बन गरिएको छ । यसै गरि **डा. लावतीले**  डिभिजन अफ पावरलाई कसरी व्यवहारिक र अधिकार बिहीनहरुको अधिकार सम्पन्न बनाउने विषयमा जानकारी गराउनु भएको थियो । फेडेरिलजममा सिमान्तकृत समुदायलाई  आफ्नो हितको लागि आफै निर्णय गर्ने अधिकार दिएर बहुजातीय भाषिक मुलुकमा संघीयता अपनाइएको हो । उहाले केन्द्रलाई बलियो बनाउदा प्रतित्युपादक हुन्छ भन्दै अहिले अपनाएको दुई तिनवटा मेकानिज्मबाट केन्द्रलाई बलियो बनाउन सकिने तर्क राख्नु भयो । प्रान्तहरुको स्टेक केन्द्रमा बढाउनुपर्छ, अपरहाउसलाई पावरफुल बनाउनुपर्छ र अपरहाउसलाई प्रान्तीय, जातीय एजेन्डाहरु निर्णय गर्ने अधिकार दिनुपर्छ । साना समुदायको इन्टरेस्ट पूरा गर्न अपरहाउसमा बढी प्रतिनिधित्व गराउनुपर्छ । केन्द्रमा बहिष्करणमा परेका समुदायहरुको बहुल्यता चाहिन्छ किनकि नेपालको राजनीति केन्द्रिकृत मानसिकताबाट ग्रसित भएकोले कन्केट (साझा अधिकार) पावरको नाममा फेरि पनि केन्द्रिकृत गर्ने सम्भावना हुन सक्छ ।

## ३.९ संवैधानिक निकायहरु

आयोगको सम्वन्धमा वहस्किरणमा पारिएका समुदायको लागि छाता आयोग नबनाइ सवै समुदायको लागि छुट्टै आयोगको स्थापना  गरिनु पर्ने कुरामा जोड दिइयो । त्यसै गरि मानव अधिकार आयोगमा सवै समुदायको समावेशी हुन पर्ने कुरामा पनि जोड दिइयो । मुस्लिमको सन्दर्भमा मुस्लिम आयोग हुन पर्ने र यस भन्दा अगाडि भनिदै आएको मुस्लिम तथा अल्पसंख्यक हटाउनु पर्नेमा जोड दिइयो ।

## ३.१० संविधानका विविध पक्षमाथि छलफल

(झन्डा, भाषा, राष्ट्रको परिभाषा, ट्रान्जिसनल प्रोभिसन, नाम, संविधान संशोधन, अनुसूची,) को वारेमा क्षलफल गरियो ।

झण्डाको सम्वन्धमा छलफल गर्दा माथिको सेतो हिमाल, गोलोमा २५ वटा तारा, वीचमा पहाडको संकेत र तल तराईको संकेत  राखिने निर्णय गरिएको थियो ।

संविधान संशोधन, भाषा को सम्वन्धमा खरिपाटीमा बनाइएको नमूना संविधानमा भएको प्रावधानलाई नै सदर गर्ने निर्णय भएको थियो । यसका अतिरिक्त ट्रान्जिसनल मेनेजमेन्टका लागि मेकानिज्म बन्नुपर्ने, कर्मचारीको व्यावस्था लगायतका विषमया पनि छलफल गरिएको थियो ।

## ३.११ पाँचौं दिनको कार्यक्रम

पाँचौं दिनको कार्यक्रम  दिवा शत्र सम्म मात्र संचालन भएको थियो भने यस दिन विशेष गरि पहिलो दिन देखि चौथो दिन सम्म भएका सम्पूर्ण छलफलको निष्कर्ष निकाल्नमा केन्द्रित थियो । कार्यक्रमका सहजकर्ता बालकृष्ण माबुहाङले पाँचदिने कार्यक्रमको निष्कर्ष तथा साराश प्रस्तुत गर्नु भएको थियो ।

## ३.१२ कार्यक्रमको समापन शत्र

समापन शत्रको सभापतित्व एनकार्डकि अध्यक्ष डा. सुमित्रा मानन्धर गुरुङले गर्नु भएको थियो । समापन शत्रमा सभासद माननीय मोहम्मद्धिकि सिद्धिकि, गंगामहरा, मुक्ति प्रधान लगायतले मन्तव्य राख्नु भएको थियो । यस समापन शत्रको सहजिकरण एनकार्डका कोषाध्यक्ष रोम नाथ विश्वकर्माले गर्नु भएको थियो ।

## ४.कार्यक्रमको व्यावस्थापकिय पक्ष

यस कार्यशाल गोष्ठिलाई सफलता पूर्वक संचलन गर्न तथा अधिकतम प्रतिफल प्राप्त गर्नको लागि एकजना अन्तर्राष्ट्रिय स्रोत व्यक्ति सहित ६ जना स्रोत व्यक्ति, दुई जना सहजकर्ता र  तीन सदसीय सचिवालयको  व्यावस्था गरिएको थियो । सचीवालयका सदस्यमा कमल विश्वकर्मा, देवेन्द्र खापुङ र रत्नकाजी मर्हजन थिए । उक्त सचीवालयले छलफलमा आएका विषय वस्तुहरुलाई हुवहु नोट गर्नुका अतिरिक्त स्रोत व्यक्ति तथा सहजकर्ताहरुलाई कार्यक्रममा भएका छलफलहरुको निष्कर्ष निकाल्न सहयोग गर्नूका साथै कार्यक्रममा भइपरि आउने अन्य प्राविधिक कार्यहरु पनि गरेका थिए । यसका साथै एनकार्डका अन्य कर्मचारीहरुले पनि कार्यक्रम व्यावस्थापन लगायत अन्य आवश्यक कार्यमा सहयोग गरेका थिए ।




## ५.कार्यक्रममा सहभागिताको अवस्था

यस कार्यक्रमकमा जम्मा ३७ जनाको सहभागिता रहेको थियो जसमा १ जना अन्तराष्ट्रिय स्रोत व्यक्ति, ५ जना राष्ट्रिय स्रोत व्यक्ति, २ जना सहजकर्ता, ३ जना सभासद, १३ जना दलित, आदिवासी जनजाती र मुस्लिम अधिकारकर्मी रहेका थिए । यस कार्यक्रमकमा रहेका सहभागीको अवस्थालाई निम्न तालिकाद्वारा प्रष्ट पारिएको छ ।

| क. सं. | सहभागिताको किसिम | संख्या | कैफियत |
| --- | --- | --- | --- |
| १ | अन्तराष्ट्रिय स्रोत व्यक्ति | १ | |
| २ | राष्ट्रिय स्रोत व्यक्ति | ५ | |
| ३ | सहजकर्ता | २ | |
| ४ | सभासद | ३ | |
| ५ | मुस्लिम | २ | |
| ६ | आदिवासी जनजाती | ५ | |
| ७ | दलित | ६ | |
| ८ | सचिवालय | ३ | |
| ९ | एनकार्ड कर्मचारी | ८ | ४ जना कर्मचारी भैपरि आउदा मात्र कार्यक्रममा उपस्थित भएका |
| १० | अन्य सहभागी | २ | |
| **जम्मा** | | **३७** | |

## ६.कार्यक्रमको प्रमूख उपलब्धी

विशेषत: वैकल्पिक संविधानको मस्यौदा तयार हुनु यस कार्यक्रमको प्रमूख उपलब्धी भए पनि यसका अन्य उपलब्धीहरु निम्न प्रकार रहेका छनर ।

- संविधानका हरेक विषयमा मुस्लिम, दलित र आदिवासी जनजातीको दृष्टिकोणबाट गहन तथा सुक्ष्म छलफल भइ निष्कर्षमा पुग्नु ।




- कुनै पनि मुद्धामा छलफल गर्दा अन्तर्राष्ट्रिय स्तरमा भएका चलन र अनुभवलाई स्रोत सामाग्री तथा उदाहरणको रुपमा लिदै नेपालको सन्दर्भमा पनि त्यसको उपयोगिताको वारेमा वहस र छलफल हुनु ।
- दलित, आदिवासी जनजाती र मुस्लिम समुदायको संवैधानिक मुद्धा उपर गहन छलफल भइ एक अर्काको मुद्धामा भएका विमतिहरु अन्त्य भइ सहमतिका साथ वैकल्पिक संविधानको मस्यौदा तयार हुनु ।

## ७. कार्यक्रममा आइ परेका समस्या तथा सुधार गर्नु पर्ने पक्षहरु

आफ्नो उद्धेश्य तथा आशातित उपलब्धीहरु हासिल गर्दै सौहाद्रपूर्ण वातावरणमा सम्पन्न यस कार्यक्रममा केही सुधारगर्नु पर्ने पक्षहरु रहेका थिए जसलाई निम्नानुसर उल्लेख गरिएको छ।

- ५ दिने आवाशिय कार्यक्रम भए पनि केहि सहभागी तथा स्रोत व्यक्तिहरुको बसाइ भएको थिएन्।
- कार्यक्रममा केहि सहभागीहरु अनियमित रुपमा उपस्थित रहनु।
- दलितहरुको विषयमा भौगोलिक वा गैर भौगोलिक प्रान्तको वारेमा निर्णय हुन नसक्नु।